Regd. No. 143163/060/061
PAN: 302284335

# Shuvam Power Limited
# शुभम पावर लिमिटेड

च.नं.०४३ - २०८१/०८२

मिति २०८२/०२/२९

**श्री नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाडौं

**सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलिसडक, काठमाण्डौं

**मुक्तिनाथ क्यापिटल लिमिटेड**
काठमाण्डौं

**विद्युत नियमन आयोग**
सानो गौचरण काठमाण्डौं

विषय : जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस शुभम पावर लिमिटेडको मिति २०८२/०२/२८ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व. २०७९/८० र आ.व.२०८०/८१ को वार्षिक साधारण सभा मिति २०८२/०३/२० गते शुक्रबार (तदनुसार ०४ जुलाई , २०२५) मा गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८२/०३/०६ गते शुक्रबार शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८२/०२/२९ र ३० गतेको हिमालयन टाईम्स् (नेपाली) राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

...............
शम्भु निरौला
संयोजक

Kamaladi, Kathmandu, G.P.O. Box: 14165, Tel: +977-1-5705590
E-mail: shuvampower@gmail.com, Website: shuvamhydro.com.np
(Formerly Baneshwor Hydropower Pvt. Ltd.)

# शुभम पावर लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ । फोन नं.: ०१-५७०५५९०

# नवौ र दसौं बार्षिक साधारण सभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२९**

श्री शेयरधनी महानुभावहरु,

मिति २०८२/०२/२८ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस शुभम पावर लिमिटेडको नवौ र दसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको समुपस्थिती तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, स्थान र समयः

मिति : २०८२/०३/२० गते शुक्रबार, (तद्नुसार ४ जुलाई, २०२५)
स्थान : लर्ड पार्टी भेन्यु, धुम्बाराही, काठमाण्डौं
समय : बिहान १०:०० बजे ।

## सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावित विषयहरूः

**(क) सामान्य प्रस्तावहरु तर्फ :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने मन्तव्य सहित आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

(२) आ.व.२०८०/०८१ का लागि संचालक समितिको सिफारिसमा कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखापरीक्षक श्रीजीत बराल क्षेत्री (SBC and Associates) को नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

(३) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगदप्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने,

(४) आ.व.२०८१/०८२को लेखापरीक्षण कार्य गर्न लेखापरीक्षकको नियूक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने,

(५) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने,

(६) संस्थागत सुसाशन सम्बन्धी प्रतिवेदन स्विकृत गर्ने,

(७) कम्पनीको संचालक समितिमा संस्थापक शेयरधनीहरुबाट ३ (तीन) जना तथा सर्वसाधारण शेयरधनीहरुबाट १ (एक) जना संचालकको प्रतिनिधित्व हुने गरी संचालकहरुको निर्वाचन गर्ने साथै स्वतन्त्र संचालकको मनोनयन गर्ने,

(८) संचालक समितिको बैठक भत्ता तय गर्ने ।

**(ख) विशेष प्रस्तावहरु तर्फ :**

(१) कम्पनीको ठेगाना परिवर्तन गर्ने तथा कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने ।

(२) कम्पनी गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा ।

(३) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा नियामक निकायबाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव प्राप्त भएमा तथा कम्पनी गाभ्ने, गाभीने तथा प्राप्ती गर्ने सम्बन्धमा आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समितीलाई अख्तियारी दिने ।

**(ग) विविध :**

## साधारण सभा सम्बन्धी सामान्य जानकारीः

(१) साधारण सभा प्रयोजनका लागि मिति २०८२/०३/०६ गते शुक्रबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको वार्षिक साधारण सभामा भाग लिन तथा मतदान गर्न सक्नेछन् ।

(२) वार्षिक साधारण सभा तथा मतदानमा भाग लिने महानुभावहरुले आफु शेयरधनी रहेको स्पस्ट खुल्ने परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

(३) शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका बिहान ०९:०० बजे देखि १०:०० बजे सम्म खुल्ला रहनेछ ।

(४) कम्पनीको वार्षिक साधारण सभा तथा संचालकको निर्वाचन प्रयोजनको लागि शेयरधनीदर्ता पुस्तिका बन्द भएको दिनलाई आधारमानी शेयरधनीकायम गरिनेछ । निर्वाचन सर्म्वन्धि कार्यक्रम कम्पनीको वेभसाइट तथा सुचना पाटीमा टाँस गरिनेछ। निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य निर्वाचन निर्देशिका बमोजिम हुनेछ।

(५) साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, महाराजगंज, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाईने छैनं ।

(६) प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(७) साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालयमा तथा फोन नं.: ०१-५७०५५९० मा सम्पर्क राख्न सक्नु हुनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव